का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ वैशाख २०७९,
बुधबार
27 April 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक ८१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com


स्थानीय निर्वाचनका लागि पोखराको निर्वाचन अधिकृतको कार्यालय परिसरको सुरक्षा दिँदै म्यादी प्रहरी । तस्वीरः राधिका कँडेल

## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सत्ता गठबन्धन

# कार्यकर्ता नमिल्दा निराश

केन्द्रबाटै स्थानीय तहमा चुनावी गठबन्धनको निर्णय गरेर आएका शीर्ष नेताहरु भागवण्डा भन्दा बाहिरबाट कार्यकर्ताले उम्मेदवारी दर्ता गरेपछि निराश छन् ।



भागवण्डा भएर उम्मेदवारी परेको ठाउँमा सोही अनुसार हुन्छ । भागवण्डा नभएको ठाउँमा मित्रवत प्रतिस्प्रधा हुन्छ तर, गठबन्धन टुट्दैन ।

**बालकृष्ण खाँण**
गृहमन्त्री एवं नेता कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ वैशाख ।

पाँच दलीय सत्तागठबन्धन स्थानीय तहको चुनावमा पनि छ । महानगर र उपमहानगरको भागवण्डा केन्द्रीय नेताहरुले नै गरे । केन्द्रीय नेताहरुले नगरपालिका र गाउँपालिकाको भागवण्डा मिलाउन पनि भूमिका खेले । तर, उम्मेदवारी दर्ता हुँदा असन्तुष्ट कार्यकर्ताहरुले पनि उम्मेदवारी दिए ।

नेपाली कांग्रेस गठबन्धनको भागवण्डा बाहिरबाट स्थानीय तहको बिभिन्न पदमा उम्मेवारी दिनेहरुको विवरण संकलन गरिरहेको छ। प्रवक्ता प्रकाशसरण महतका अनुसार, देशभर दुई सय बढी कांग्रेसकै बागी उम्मेदवार रहेको अनुमान छ । विवरण संकलन गरिसकेर बागी उम्मेदवारहरुलाई फिर्ता लिन आग्रह गर्ने अन्यथा कारबाही गर्ने कांग्रेसको तयारी छ ।

तर, कांग्रेसकै डा.शेखर कोइराला भने कार्यकर्ताको भावना बिपरीत चुनावी गठबन्धन गरेकाले बागी भनेर कारबाही गर्दा पार्टीको अहित हुने भनेर सभापति शेरबहादुर देउवालाई खबरदारी गरिरहेका छन्। स्वमं सभापति देउवा भने चुनावी गठबन्धन गर्ने केन्द्रीय नीतिको उलंघन कार्यकर्तातहबाट भएकोमा निराश छन्।

कतिपय बागी उम्मेदवार र एमालेसँग तालमेल गरेका नेताहरुलाई कांग्रेसले कारबाही गर्न थालिसकेको छ । मंगलबार मात्रै केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्ण प्रसाद पौडेलले विज्ञप्ती निकालेर डडेलधुराका निवर्तमान सभापति एवं सुदुरपश्चिम प्रदेश सभा सदस्य कर्णबहादुर मल्ललाई कारबाही गरिएको जानकारी दिएका छन् ।

मल्लले पार्टीको विधान विपरित गतिविधि गरेको आरोप लगाइएको छ। तर, उनले गरेको अपराध एमालेसँग चुनावी तालमेल गर्नु हो । एमालेसँग चुनावी तालमेल गरेर उनले केन्द्रीय सत्तागठबन्धनमा रहेका माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीलाई असहयोग गरेबापत्त उनी पार्टीबाटै निकालिएका छन्। माओवादी केन्द्र र एकीकृत समाजवादीले पनि देशभर पार्टीका तर्फबाट बागी उम्मेदवारी दिनेहरुको विवरण संकलन गरिरहेको छ ।

माओवादी केन्द्रको वागमती प्रदेश समिति अध्यक्ष सरल सहयात्रीले मंगलबार विज्ञप्ति निकालेर वैशाख १५ गतेभित्र उम्मेदवारी फिर्ता नलिए बागी उम्मेदवारलाई कारवाही गर्ने चेतावनी दिए ।

विज्ञप्तिमा भनिएको छ, 'पार्टी र गठबन्धनका विरुद्ध स्वतन्त्र चिह्न लिदै वागी उम्मेदवार दिने पार्टीका सबै कमरेडहरुलाई २०७९ वैशाख १५ भित्र अनिवार्य उम्मेदवारी फिर्ता गर्न र पार्टी निर्णय विपरीत कदम नचाल्नका लागि निर्देशन गर्दछ।' नेकपा एमाले गठबन्धनभित्रको आन्तरिक किचलोका कारण केही उत्साही भएको छ ।

तर, केन्द्रमा गठबन्धन गरिरहेका दलका शीर्ष नेताहरु बागी उम्मेदवार र कार्यकर्ता व्यवस्थापनबारे आन्तरिक छलफलमा जुटेका छन् । कुनै हालतमा गठबन्धन टुट्न नदिने उनीहरुको प्रतिवद्धता छ ।

गृहमन्त्री समेत रहेका कांग्रेस नेता बालकृष्ण खाँण आफुहरुले गठबन्धनको औचित्य र आवश्यकता प्रष्टाउँदा प्रष्ट्याउँदै पार्टीको नीति विपरित जानेलाई सचेत

– बाँकी पृष्ठ २ मा

# न चासो न अपेक्षा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ वैशाख ।

असनको एक कुनामा १५ वर्षदेखि साग बेचिरहेका बीरबहादुरलाई दलहरुले ल्याएका घोषणापत्र र प्रतिबद्धताप्रति कुनै चासो छैन । 'अहिले कोही नेता, कोही दल र कसैको भाषण पनि ठीक छैन, सब जनता लुट्ने मात्रै हुन्' बरु उनको आक्रोश छ ।

भन्छन्, ' घोषणापत्रको काम छैन ।' उनी त प्रतिनिधि पात्र भए। उनी जस्ता दैनिक गुजाराबाट जिविका चलाउनेहरुलाई दलहरुको घोषणापत्रप्रति कुनै चासो छैन ।

जबकी बहुदलीय लोकतन्त्रमा दलहरुको घोषणापत्र हेरेर मतदाताले निर्णय लिनुपर्ने हो । तर त्यसप्रति कुनै चासो देखिदैन । दलहरुले भने आगामी ३० वैशाखमा हुने स्थानीय चुनावका लागि घोषणापत्र होडबाजीसहित सार्वजनिक गरेका छन् । प्रमुख दलहरुले जस्तै साना दल र स्वतन्त्र उम्मेद्वारले समेत आफ्नो चुनावी एजेण्डा घोषणापत्र मार्फत् सार्वजनिक गरेका छन् ।

घोषणापत्रमा 'जनताको करबाट उठेको राजश्वलाई भ्युटावर, स्वागतद्वार जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्दैनौं' भन्ने प्रतिबद्धता समेत छ । सात दशकको अकल्पनीय सङ्घर्षपछि लेखिएको जनताको संविधान, लोकतन्त्र, अर्थतन्त्र, कूटनीति, सामाजिक सद्भाव र सहिष्णुता लगायत सम्पूर्ण व्यवस्था जोगाउने वाचा गरिएको छ ।

दलहरुबीच घोषणापत्र मार्फत् घोचपेच र आरोपप्रत्यारोप चलिरहेको छ । सत्तारुढ नेपाली कांग्रेसले घोषणापत्रमा विकासको योजना भन्दा बढी एमालेलाई गालीगलौज गरेको छ। जवाफमा एमालेका अध्यक्ष केपी शर्मा ओली देश र संविधान मिचेको आरोप लगाएका छन् ।

'नेपाल कम्युनिष्ट पार्टीले सत्ता र शक्तिको केन्द्रिकरण गर्ने केपी शर्मा ओली जस्तो एउटा जनउत्तेजनाको व्यापारीको उन्मादी महत्वाकांक्षाका खातिर आफ्नो दलको सारा शासकीय कौशल लोकतन्त्र र समग्र प्रणालीलाई नै तहसनहस बनाउनेतिर लगायो । फलस्वरुप, कम्युनिस्ट सरकारले मुलुकलाई बल्लबल्ल प्राप्त स्थिरताको लाभ लिनबाट फेरि एकचोटी बञ्चित मात्र गरेन, झन् भयङ्कर अस्थिरताको चक्रव्यूहमा फस्ने

– बाँकी पृष्ठ २ मा

# श्रममन्त्री श्रेष्ठ नेतृत्वको टोली मलेसिया जाँदै



वैदेशिक रोजगार विशेष

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) नेतृत्वको टोली बुधबार मलेसिया जाने भएको छ । मलेसियाका मानव संशाधन मन्त्री एम सारभानन मुरुगनको निमन्त्रणामा मन्त्री श्रेष्ठ चार दिने भ्रमणमा मलेसिया जान लागेको मन्त्रालयले जनाएको छ ।मलेसिया नेपाली कामदारको प्रमुख श्रम गन्तव्य हो । लकडाउन अघि आएका डिमाण्डमा नेपाली कामदार रोजगारीका लागि मलेसिया जान थालेका छन् ।

मंगलबार श्रममन्त्री श्रेष्ठले नेपालस्थित मलेसियाको राजदूतावासका कार्यवाहक राजदूत मोहम्मद फादिलसँग मन्त्रालयमा भेटवार्ता गरे । भेटवार्तामा द्विपक्षीय हितका साथै दुई देशको मित्रता र आपसी सहयोग र भ्रमणका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।


मन्त्री श्रेष्ठका साथमा सचिव एकनारायण अर्याल, सहसचिव राजीव पोखरेल, उपसचिव डा थानेश्वर भुसालसहितको टोली बुधवार दिउँसो मलेसिया जाने कार्यक्रम छ । भ्रमणका क्रममा मन्त्री श्रेष्ठले मलेसियाका मानव संशाधन मन्त्री एम साराभाननसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ ।

सचिव अर्यालले मलेसियाको गृहमन्त्रालयका सचिव र सामाजिक सुरक्षा संगठनका प्रमुखसँग भेटवार्ता गर्ने बताइएको छ । साथै भ्रमणका क्रममा नेपालमा आयोजना हुने नेपाल-मलेसिया संयुक्त समितिको बैठकका एजेण्डा तय, वैदेशिक रोजगारीका लागि मलेसिया जाने नेपाली कामदारको छनोट प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च रोजगारदाताले नै व्यहोर्ने र श्रम सम्झौताको प्रावधान प्रभावकारी कार्यान्वयनका विषयमा नेपाली प्रतिनिधिमण्डलले छलफल गर्ने मन्त्रालयले जनाएको छ ।

भ्रमणका क्रममा मलेसियामा रहेका नेपाली समुदायसँग समेत छलफल गर्ने कार्यक्रम छ । विगतमा मन्त्रीस्तरीय भ्रमणमा निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीको पनि सहभागी रहने गरेको भएपनि यसपटक व्यवसायी सहभागी नरहेको बताइएको छ ।


महिला उम्मेद्वार

# बढे, तर अपेक्षित आएन


मञ्जु भण्डारी


रेणु दाहाल


सिर्जना सिंह


मिना लामा

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ वैशाख ।

२०७४ सालको तुलनामा स्थानीय तहको नेतृत्वमा मनोनयन दर्ता गर्ने महिला उम्मेदवारहरु बढेका छन्। कुनैपनि दलबाट स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक महिला उम्मेदवार हुनुपर्ने बाध्यात्मक व्यवस्था छ ।

गठबन्धन गरेर एउटा पदमा मात्रै उम्मेदवारी दिँदा यो व्यवस्था निश्क्रिय हुँदा कतिपय स्थानीय तहको प्रमुखमा पुरुषहरु मात्रैको उम्मेदवारी परेको पनि छ । तर, समग्रमा ०७४ को स्थानीय तहको चुनावमा भन्दा ०७९ वैशाख ३० गतेको चुनावका लागि स्थानीय तहको नेतृत्वमा उम्मेदवारी दिने महिलाहरुको संख्या बढेको छ ।

महिला अधिकारकर्मी मोहना अन्सारी बढी उम्मेदवार दर्ता हुनु जितको आधार नि बढी नै हुनु रहेको बताउँछिन्, '०७४ को भन्दा महिला उम्मेदवार पक्कै बेढेका छन्। तर, अपेक्षित छैन् ।'

नेपालको संविधानले नै राज्यका हरेक अंगमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरेको छ। तर, त्यस अनुसार स्थानीय तहको नेतृत्व नै महिलालाई दिन राजनीतिक दलहरु तयार नहुँदा समस्या भएको बताउँछिन्, एमालेका संघीय सांसद बिन्दा पाण्डे ।

'स्थानीय तहमा जोडबल गरेर महिलाहरु नै अगाडि बढेपछि रोक्न नसकेर उम्मेदवारी परेको देखिन्छ जसले महिला उम्मेदवारको संख्या बढाएको छ' उनी प्रश्न गर्छिन्, 'दलहरु महिला नेतृत्वका

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ वैशाख २०७९, बुधबार
27 April 2022, Wednesday

### सकियो क्यान इन्फोटेक

# झण्डै सवा २ लाख जनाले गरे अवलोकन




**काठमाडौं/मस-** वैशाख ७ देखि १२ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा ६ दिनसम्म आयोजना भएको आइएमइ पे क्यान इन्फोटेक २०२२ इन एसोसियसन विथ एससिटी स्मार्ट क्यु आर सफलता पूर्वक सम्पन्न भएको छ।

सूचना तथा संचार प्रविधि र मनोरञ्जन सम्बन्धी देशको एकमात्र प्रदर्शनीको यो २७ औं संस्करण यसअघि कोभिड १९ तथा सोहि सम्बन्धि नेपाल सरकारका निर्णयहरूलाई ध्यानमा राख्दै विगतमा २ पटकसम्म स्थगित भएको थियो । शुरुदेखि नै पुष/माघ/फागुनको जाडो महिनामा हुने प्रदर्शनी यस पटक पहिलो पटक वैशाख महिनामा सम्पन्न भएको हो ।

इन्फोटेकमा आईसीटी एक्सेसेरिज र अन्य विभिन्न स्टलहरूमा विशेष छूट तथा अफरहरूको व्यवस्था गरिएकोमा प्रायजसो स्टलहरुले छूट तथा अफरहरूलाई आगामी १-२ महिनासम्म कायम राख्ने क्यान महासंघलाई जानकारी गराएका छन् ।

वैशाख ७ गते एक समारोहकाबीच सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्की, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेल, नास्टका उपकुलपति डा. सुनिलबाबु श्रेष्ठ, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल,नेपाल दूरसंचार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, प्रधानमन्त्रीको सूचना प्रविधि विज्ञ दिपेश बिष्ट, सञ्चाीर तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिल दत्त, नेपाल उद्योग परिसंघका उपाध्यक्ष विरेन्द्रराज पाण्डे एवं क्यान महासंघका संस्थापक, निवर्तमान तथा पुर्व अध्यक्षहरु लगायत मुख्य प्रायोजक आइएमइ पेका अध्यक्ष हेमराज ढकाल र सह-प्रायोजक एससिटीका प्रमुख कार्यकारी अधिकृत नारायण भुजु लगायत सूचना तथा संचार प्रविधिको क्षेत्रका अग्रजहरुको सहभागितामा प्रदर्शनीको शुभारम्भ गरिएको थियो ।

२ वर्ष अगाडि सम्पन्न क्यान इन्फोटेकको २६ औं संस्करण करिब साढे ३ लाख जनाले अवलोकन गरेकोमा यो संस्करणमा करिव सवा २ लाख जना अवलोकनकर्ताले प्रदर्शनीको अवलोकन गरेका छन् । एस.इ.इ.को परीक्षा, त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न संकायमा भैरहेको परीक्षा, कजेलहरुको पूर्वबोर्ड परीषा, स्थानीय चुनाव तथा यस सम्बन्धि निर्वाचन आयोगको आचार संहिता, पछिल्लो दुई दिन स्थानीय तह निर्वाचनको लागि राष्ट्रिय सभागृहमा मनोनयन दर्ता गर्ने कार्यक्रम, अघिल्लो २ दिन वर्षाको अवरोधका कारण अवलोकनकर्ताको संख्यामा कमि देखिएपनि यसलाई स्वाभाविक लिनुपर्ने क्यान महासंघको धारणा रहेको छ ।


प्रदर्शनीको ६ दिनको अवधिमा नेपालका लोकप्रिय कलाकार स्वस्तिमा खड्का, निश्चल बस्नेत, सुष्मा कार्की, दीपाश्री निरौला, जितु नेपाल ‘मुन्द्रे’, सागर लम्साल ‘बले’ तथा लोकप्रिय गायक सुशान्त केसी, स्वप्न सुमन, र्याप गायक राजेन्द्र भट्ट ‘मिस्टर आरजे’, गिरीस खतिवडा, पब्जी खेलाडी इन्दु मल्ल लगायत समाजमा चर्चित ब्यक्तित्वहरुले प्रदर्शनीमा उपलब्ध सूचना तथा संचार प्रविधिको अवलोकन गरेका थिए । यसैगरी लोक सेवा आयोगका अध्यक्ष उमेश प्रसाद मैनाली तथा आयोगका सदस्यहरु, माननियहरु, पूर्वराजदूत भागीरथ बस्नेत, पूर्वसचिव इन्जिनियर हरि राम कोइराला लगायत नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरु, विभिन्न नियोगमा कार्यरत कर्मचारीहरुले पनि प्रदर्शनीको अवलोकन गरेका थिए ।

क्यान इन्फोटेकको स्टार्टअप र इन्नोभेशन खण्डमा रहेका २६ वटा स्टलहरुमा सबै दिननै अवलोकनकर्ताको आकर्षण देखिएको थियो । अवलोकनकर्ताहरुले स्टार्टअप र इन्नोभेशनलाई प्राथमिकता दिने क्यान महासंघको निर्णयको स्वागत गरेका थिए । इन्नोभेशनका निम्ति क्यान महासंघले नेपाल विज्ञान तथा प्रविधी प्रज्ञा प्रतिष्ठानसंग सहकार्य गरेको थियो भने स्टार्टअपका निम्ति सार्वजनिक सुचना निकालेरै सम्बन्धित व्यक्ति वा संस्थालाई सहभागि हुन आह्वान गरेर प्राप्त आवेदनहरुबाट छनौट गरिएको थियो ।

आइएमइ पे क्यान इन्फोटेक २०२२ इन एसोसियसन विथ एससिटी स्मार्ट क्यु आरको उत्कृष्ट स्टलको पुरस्कार वर्ल्डलिङ्क कम्युनिकेसन लिमिटेड तथा उत्कृष्ट स्टार्टअपको पुरस्कार बि.आइ.सि. टेक्नोलोजी प्रा.लि. ले जितेका छन् । उत्कृष्ट स्टलको पुरस्कार मूल्य ने.रु. पचास हजार रहेको छ भने उत्कृष्ट स्टार्टअपलाई राष्ट्रिय सुचना प्रविधि दिवसको अवसरमा पुरस्कृत गर्ने क्यान महासंघको योजना रहेको छ ।

# लमजुङमा उम्मेद्वारविरूद्ध उजुरी

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १३ वैशाख




आगामी स्थानीय तहको निर्वाचनका लागि लमजुङमा एक जनाको दाबी विरोधको उजुरी परेको छ । मंगलबार तोकिएको दाबी विरोधको उजुरी उपर जिल्लामा एउटा मात्र उजुरी परेको हो ।

जिल्लाको उत्तरी भेग मर्स्याङ्दी गाउँपालिका-६ मा नेकपा एमालेबाट वडाध्यक्षका उम्मेद्वार प्रकाश कतिलाविरुद्ध उजुरी परेको मर्स्याङ्दी गाउँपालिकाको निर्वाचन अधिकृत उदयराज काफ्लेले बताए ।

उनले भने, ‘कतिला विरुद्धमा नेपाली कांग्रेसबाट सोही वडामा वडाध्यक्षका उम्मेद्वार मिनराशी गुरुङले दाबी विरोध उपर उजुरी दिनुभएको छ ।’ केही महिना अघि न्यादी आयोजनाको सिमेन्ट ओसारपोसारका क्रममा ढाँका चोरी मुद्दामा केश परेको थियो । सो विरुद्धमा अदालतमा परेको मुद्दा देखाएर उनले दाबी विरोध उपरको उजुरी दिएका हुन् । आएको दाबी विरोध उपरको उजुरीमाथि छानबिन गरिने निर्वाचन अधिकृत काफ्लेले बताए ।

कतिलालाई अदालतले एक महिना कैद र १२ हजार रुपैयाँ जरिवाना तोकेको र सो कैद भुक्तानी गरिसकेको निर्वाचन अधिकृत काफ्लेले बताएका छन् । जिल्लाको अन्य स्थानीय तहमा भने कुनै पनि उम्मेद्वारविरुद्ध दाबी विरोध नपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय लमजुङले जनाएको छ । जिल्लामा विभिन्न पदका लागि एक हजार १४७ जनाले मनोनयन दर्ता गराएका छन् । जिल्लामा चार नगरपालिका र चार गाउँपालिका गरी आठ स्थानीय तह रहेको छ ।


# प्रधान सेनापति र फ्रान्सेली राजदूतबीच भेटवार्ता



**काठमाडौं/मस-**प्रधान सेनापति प्रभुराम शर्मासँग मित्रराष्ट्र फ्रान्सका राजदूत गिल्स बौर्बोले जङ्गी अड्डामा भेटवार्ता गरेका छन् । सो अवसरमा फ्रान्सेली सेनाका ब्रिगेडिएर जनरल गोफ्री डि लरौजिरेलगायत अन्य पदाधिकारीको समेत उपस्थिति रहेको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको ।

प्रधान सेनापति शर्माको कार्यकक्षमा भएको उक्त भेटघाटमा दुई पक्षीय आपसीहित तथा पारस्परिक सम्बन्धका विभिन्न विषयमा छलफल भएको थियो । यस किसिमको भेटघाटले दुई देशका सेनाबीच रहँदै आएको आपसी सम्बन्धलाई सुमधुर एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने नेपाली सेनाले विश्वास लिएको छ ।

# अनुमति नलिने पात्रो र भित्तेपात्रोलाई कारबाही



**काठमाडौं/मस-** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले अनुमति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोलाई कार्यविधि बनाएर कारबाहीको प्रक्रिया अघि बढाउने भएको छ ।

समितिको गठन आदेशको दफा ७ को बुँदा (त्र) र (ठ) अनुसार अनुमति नलिई प्रकाशन भएका पात्रो र भित्तेपात्रालाई कारबाही गर्न कार्यविधि बनाउन लागेको हो । कार्यविधि मस्यौदा गर्ने सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेसँग पनि छलफल गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिए । समितिसँग अनुमति लिएर हालसम्म १४ पात्रो र ८९५ भित्तेपात्रो प्रकाशन भएका छन् । दुई पात्रो र करिब तीन दर्जन भित्तेपात्रो अनुमति नलिई प्रकाशन भएको पाइएको पनि उनले सुनाए । अनुमति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोका नाम पनि क्रमशः सार्वजनिक गरिने भएको छ ।

समितिले गठन गरेको अनुगमन उपसमितिका सदस्य खिलहरि घिमिरे हाल हप्तामा एक दिन बजार अनुगमन गर्ने गरिएको बताए । अनुमति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोको सूचना समितिमा दिन सकिने पनि उनले जानकारी दिए ।

मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समिति गठन आदेश स्वीकृत गरेपछि पात्रो र भित्तेपात्रोले स्वीकृति लिनुपर्ने व्यवस्था नेपाल राजपत्रमा प्रकाशन भएको थियो । विसं २०७८ असारमा आदेश नेपाल राजपत्रमा प्रकाशन भएपछि यो व्यवस्था यसै वर्षको पात्रो र भित्तेपात्रो प्रकाशनदेखि कार्यान्वयनमा आएको हो ।

# एमसीसीको सहयोगमा निर्मित प्रयोगशालाको उद्घाटन



**काठमाडौं/मस-** सडक विभाग, मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का प्रतिनिधिले एक समारोहबीच सडक विभागमा निर्माण गरिएका प्रयोगशालाहरूको संयुक्त रूपमा उद्घाटन गरेका छन् ।

सडकको गुणस्तरलाई दिगो बनाउन र दीर्घकालीन मर्मतसम्बन्धी आवश्यकता सम्बोधन गर्न एमसिए-नेपालले लिएको पहलमा सडक विभाग एक प्रमुख साझेदार हो । एमसिए-नेपालद्वारा गरिएको ती प्रयोगशालाको निर्माण तथा उपकरणको जडान एमसीसी-नेपाल कम्प्याक्टको अनुदानमा सम्पन्न एक महत्वपूर्ण कोसेढुङ्गाका रुपमा रहेको छ ।

सडक विभागका महानिर्देशक शिवहरि सापकोटा, युरोप, एसिया, प्रशान्त तथा ल्याटिन अमेरिकाका लागि मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का नायब उपाध्यक्ष जोनाथन ब्रुक्स तथा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले ती प्रयोगशालाको संयुक्तरूपमा उद्घाटन गरेका हुन् । उद्घाटन गरिएका आस्फाल्ट मिक्स डिजाइन प्रयोगशाला, सुपरपेभ आस्फाल्ट प्रयोगशाला, भण्डारण प्रयोगशाला तथा कटिङ एवं कोर ड्रिलिङ उपकरण प्रयोगशालाले एमसीसीको रु छ अर्ब ३८ करोड अनुदानमा कार्यान्वयन गर्न लागिएको सडक मर्मत आयोजनामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । उद्घाटन कार्यक्रममा सडक विभागका महानिर्देशक सापकोटाले एमसीसीबाट प्राप्त सहयोगलाई नेपालको सडकको गुणस्तर सुधारमा प्रयोग गर्न पाएको खुसी व्यक्त गरे ।

यसैगरी युरोप, एसिया, प्रशान्त तथा ल्याटिन अमेरिकाका लागि एमसीसीका नायब उपाध्यक्ष ब्रुक्सले भने, ‘नेपालसँगको एमसीसी साझेदारीले नेपाली जनताका लागि काम थालिसकेको छ । यी अत्याधुनिक प्रयोगशालाको उद्घाटन एमसीसी र नेपालबीचको साझेदारीका क्रममा एक महत्वपूर्ण कदम हो र यसले थप समृद्ध भविष्यतर्फको बाटो खोल्नेछ ।’

एमसिए-नेपालका कार्यकारी निर्देशक विष्टले सडक मर्मतका लागि पहिलोपटक प्रयोग गर्न लागिएका नयाँ प्रविधि नेपालको सडक मर्मतसम्बन्धी अभ्यासका सन्दर्भमा नयाँ फड्को हुने विश्वास व्यक्त गरे । सो प्रयोगशालाको निर्माण तथा प्रयोगशालासम्बन्धी उपकरणको हस्तान्तरण कार्य सरकार तथा एमसीसीबीच २०७४ साल भदौ २९ गते हस्ताक्षर भएको एमसीसी नेपाल कम्प्याक्ट सम्झौताअन्तर्गत सडक मर्मत आयोजनाले उपलब्ध गराउने प्राविधिक सहयोगको एक महत्वपूर्ण अंश हो । एमसिए-नेपालले सडक विभागलाई सडक मर्मत आयोजनाअन्तर्गत करिब रु ४४ करोड ५३ लाख बराबरको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । सो सहयोग सडक विभागका लागि प्राविधिक सहयोग, यातायात तथा सडकको भारवहन क्षमता मापनका लागि सो विभागको सूचना प्रविधि एकाइको सबलीकरण र सडक मर्मतसम्बन्धी नयाँ प्रविधि तथा उन्नत आयोजना व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालनमा परिचालन गरिनेछ ।

करिब रु १६ करोड ५९ लाख मूल्यको सुपरपेभ आस्फाल्ट मिक्स डिजाइनसम्बन्धी उपकरण तथा फलिङ वेट डिफ्लेक्टो मिटरलगायतका उपकरण जडान गरिएको उक्त प्रयोगशाला भवन करिब रु ७३ लाख २० हजारको लागतमा निर्माण गरिएको हो । प्रयोगशालामा जडान गरिएका उपकरण सडक विभागद्वारा सञ्चालन गरिने सडक मर्मत आयोजनासम्बन्धी क्रियाकलाप तथा सडक विभागका प्राविधिज्ञहरूका लागि नियमितरूपमा सञ्चालन गरिने प्रशिक्षणका लागि प्रयोग गरिनेछ ।

### सत्ता....

गराइने, नसच्चिए कारबाही गरेर अगाडि बढिने बताउँछन् ।

अहिलेको कारबाही र सचेत गराउने विषय आगामी प्रदेश र संघको चुनावका लागि समेत अर्थपुर्ण रहने भएकाले बागी उम्मेदवारी फिर्ता हुने उनको विश्वास छ । भन्छन, ‘भागवण्डा भएर उम्मेदवारी परेको ठाउँमा सोही अनुसार हुन्छ । भागवण्डा नभएको ठाउँमा मित्रवत प्रतिस्प्रधा हुन्छ तर, गठबन्धन टुट्दैन ।’

नेकपा माओवादी केन्द्रका नेता देव गुरुङ पनि कार्यकर्तामा देखा परेको असन्तुष्टि चिरेर अगाडि बढिने बताउँछन् । नेता गुरुङ भन्छन्, ‘प्रतिगमन विरोधी आन्दोलनबाट बनेको गठबन्धनको उदेश्य प्रतिगमनलाई परास्त गर्ने हो । यसका लागि गठबन्धन प्रतिबद्ध छ ।’

### न चासो...

जोखिम समेत बढाएर गयो,’ कांग्रेसको घोषणापत्रमा भनिएको छ ।

एमालेले पनि गठबन्धनको सरकार स्वार्थीहरुको झुण्ड भएको आरोप लगाएको छ । ‘नेपाली कांग्रेसले चुनावी घोषणा पत्र भनेर अहिले जुनप्रकाशित गरेको छ, त्यो कुनै राजनीतिक दस्तावेज होइन’ अध्यक्ष ओलीको टिप्पणी छ, ‘त्यसलाई राजनीतिक दस्तावेजको दर्जा दिन सकिँदैन । पागलहरूको प्रलाप हो, त्यो । मुख छाड्ने, गाली गर्ने तथानामब हिक केहीपनि छैन ।’

अन्य दलहरु नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा लगायतले पनि घोषणापत्र सावर्जनिक गरिसकेका छन् । बिजुली, बत्ती, पानी, पूर्वाधार, रोजगारी, कृषि क्रान्ति लगायत प्रतिबद्धता गरेका छन् । तर घोषणापत्रप्रति सर्वसाधरणले न चासो देखाएका छन्, न अपेक्षा नै ।

### महिला....

लागि तयार थिए भने महानगरपालिका र उपमहानगर पलिकामा गठबन्धन नै गरेर प्रमुख र उप्रमुख दुबैमा पुरुष उम्मेदवार उठाएका छन । यसले देखाउँदैन र नेताहरुको मानसिकता ?’

पाँच दलीय सत्तागठबन्धनले ६ वटा महानगरमध्ये काठमाडौं, भरतपुर महानगरपालिकाको नेतृत्वमा महिलालाई अगाडि सारेको छ ।

११ वटा उपमहानगरमध्ये हेटौंडा र धरानको नेतृत्वमा महिला उम्मेदवार उठाएका छन् । बाँकीमा पुरुष नै नेतृत्वका दाबेदार छन् । नगरपालिका र गाउँपालिकाहरुमा पनि महिला नेतृत्वका दाबेदार छन् ।

काठमाडौं महानगरमै विवेकशील साझा पार्टीले पनि प्रमुखमा समीक्षा बाँस्कोटालाई उम्मेदवार बनाएको छ ।

ललितपुर महानगरपालिकामा प्रमुखमा १० जनाको उम्मेदवारी पर्दा कुनै पनि दलबाट महिलाको उम्मेदवारी परेको छैन् । चितवनको भरतपुर महानगरपालिकाको प्रमुखमा सत्तारूढ गठबन्धनले प्रमुखमा माओवादीकी रेनु दाहाललाई उम्मेदवार बनाएको छ ।

कास्कीको पोखरा महानगरको प्रमुखमा विवेकशील साझा पार्टीले गण्डकी प्रदेश संयोजक एवं केन्द्रीय सदस्य सुशीला केसी अधिकारीलाई प्रमुखको उम्मेदवार बनाएको छ । वीरगन्ज महानगरपालिकाको प्रमुख र उपप्रमुखमा महिला उम्मेदवार नभएको भन्दै लोसपाकी महिला नेतृ रम्भा सिंहले उपप्रमुखमा बागी उम्मेदवारी दिएकी छन् ।

महानगरपालिकामा मात्रै होइन, उपमहानगर पालिका, नगरपालिका र गाउँपालिकामा समेत महिला उम्मेदवार न्युन छन् । ११ उपमहानगर मध्ये हेटौंडा उपमहानगर पालिकामा सत्तारुढ गठबन्धनबाट मेयरमा नेकपा एकीकृत समाजवादीका मीना लामाको उम्मेदवारी परेको छ । एमालेले जितपुर सिमरा र धरान उपमहानगरपालिकामा प्रमुखमा महिलालाई अघि सारेको छ ।

जितपुर सिमरामा यसअघि २०७४ मा उपप्रमुख बनेकी सरस्वतीदेवी चौधरी एमालेबाट मेयरको उम्मेदवार बनेकी छन् । धरानमा उमपमेयर बनिसकेकी मञ्जु भण्डारी एमालेबाट मेयरमा उम्मेदवार बनेकी छन् ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका, दैलेखको नारायण नगरपालिका र कालिकोटको खाँडाचक्र नगरपालिकामा प्रमुख पदमा महिलाले उम्मेदवारी दिएका छन् । सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा नेकपा एमालेका तर्फबाट मोहनमाया ढकालले उम्मेदवारी दिएकी छन् ।

दैलेखको नारायण नगरपालिका प्रमुख पदमा नेपाली कांग्रेसका निर्मला खड्का गठबन्धन दलबाट र कालिकोटका खाँडाचक्र नगरपालिकामा नेपाली कांग्रेसकी तारा शाहीले गठबन्धन दलबाट उम्मेदवारी दिएका छन् । एमालेबाट वीरेन्द्रनगर नगरपालिकाको प्रमुखमा उम्मेदवारी दिएकी ढकाल यसअघि वीरेन्द्रनगर नगरपालिका उपप्रमुख पदमा रहेकी थिइन्।

दैलेख नारायण नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएकी खड्का यसभन्दा पहिला वडा सदस्य पदमा रहेकी थिइन् । कालिकोट खाडाँचक्र नगरपालिका प्रमुख पदमा उम्मेदवारी दिएकी शाही यसभन्दा पहिला ठेकेदार हुन् ।

सुदुरपश्चिम प्रदेशको अछामका २ नगरपालिकामा प्रमुखमा महिला उम्मेदवार भएका छन् । साँफेबगर नगरपालिका र पञ्चदेवल विनायक नगरपालिकामा प्रमुखमा महिला उम्मेदवार भएका हुन् ।

नेकपा (एमाले) बाट साँफेबगर नगरपालिकाको प्रमुखमा पशुपति कुँवर र नेपाली काँग्रेसबाट पञ्चदेवल विनायक नगरपालिकामा अम्बिका चलाउने उम्मेदवार भएका छन् । चलाउने पञ्चदेवल विनायक नगरपालिकामा हाल उपप्रमुख र नेपाली काँग्रेसको सुदूरपश्चिम प्रदेश सहमहामन्त्री छन् ।

एमालेले कञ्चनपुरका दुई नगरपालिकाको मेयरमा महिला उम्मेदवारलाई अगाडि सारेको छ । बेदकोट नगरपालिकामा अहिलेका उपप्रमुख शुसिला सिंह र बेलौरी नगरपालिकामा भूमि सम्बन्धी समस्या समाधान आयोग कञ्चनपुरकी पूर्वअध्यक्ष कमला बोहरालाई प्रमुख पदको उम्मेदवार उठाएको हो । झापामा दुई पालिकामा महिलालाई प्रमुख पदको उम्मेदवार बनाइएको छ ।

अर्जुनधारा नगरपालिकामा रञ्जिता कार्की उम्मेदवार भएकी छन् । गौरीगञ्ज गाउँपालिकाको अध्यक्षमा फूलवती राजवंशी उम्मेदवार भएकी छन् ।

# ८७६ जनालाई हिमाल आरोहणका अनुमति



**काठमाडौं/मस-** वसन्त याममा सगरमाथासहितका हिमाल तथा विभिन्न पर्वत आरोहणका लागि १०९ आरोही समूहका ८७६ स्वदेशी तथा विदेशी आरोहीले ‘एक्सिपीडिसन पर्मिट’ आरोहण अनुमति पाएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न २५ हिमाल तथा चुली आरोहणका लागि धमाधम आरोही पर्मिट लिएर गन्तव्यतिर निस्किएका हुन् । विभागको पर्वतारोहण शाखाबाट जारी भएको एक्सिपीडिसन पर्मिटमा सबैभन्दा धेरै सगरमाथा (८८४८.८६ मि) आरोहणका लागि मात्रै ३८ आरोही समूहका ३०२ आरोहीले अनुमति लिएका छन् ।

त्यस्तै, अमादब्लम (६८१४ मि) आरोहणका लागि नौ समूहका ९७ ले अनुमति पाएका छन् । कञ्चनजङ्घा (८५८६ मि) आरोहणका लागि समाज सात समूहले अनुमति लिएको छ । अन्नपूर्ण (८०९१ मि) र नुप्से आरोहणका लागि समान चार समूहले अनुमति पाएको छ । मकालु (८,४६३ मि) मा चार, धौलागिरी (८१६७ मि) का लागि दुई र ल्होत्से (८५१६ मि) मा एक आरोही समूहले आरोहण अनुमति लिएका छन् ।

त्यसैगरी नुप्से आरोहणका लागि सात, हिमलुङ्ग चुलीका लागि चार, थापा पिकका लागि चार समूहले आरोहण अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । ती हिमाल तथा पिक आरोहणबाट ४४ करोड ८० लाख ९४ हजार रोयल्टी जम्मा भएको पनि विभागले जनाएको छ ।

# रेडक्रसको मर्म र मर्यादाविपरीत हुने गतिविधि नगर्न आह्वान

**काठमाडौं/मस–** नेपाल रेडक्रस सोसाइटीले रेडक्रसको मर्म र मर्यादाविपरीत हुने गतिविधि नगर्न आह्वान गरेको छ।

केन्द्रीय तदर्थ समितिको वैधानिकता सम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेका अवस्थामा अघिल्लो तदर्थ समितिलाई सोसाइटीले यस्तो आग्रह गरेको हो।




सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालद्वारा सोमबार जारि विज्ञप्तिमा भनिएको छ, 'नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय तदर्थ समितिको वैधानिकतासम्बन्धी मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा अघिल्लो तदर्थ समितिका अध्यक्ष डा नेत्रप्रसाद तिम्सिना र सदस्य बाबुराजा महर्जनलगायतका व्यक्तिले केन्द्रीय कार्यालयमा हथौंडालगायतका सामग्रीसहित अचानक प्रवेश गरी कार्यालयको दुईवटा ढोका तोडफोड गरेकामा यस संस्थाका देशभर छरिएर रहेका स्वयंसेवक तथा रेडक्रसकर्मी आश्चर्यचकित र चिन्तित भएका छौं। रेडक्रसको मर्म र मर्यादाविपरीत हुने यस्ता खालका गतिविधि दुःखद् र अत्यन्त अशोभनीय छ।'

यसअलावा डा.तिम्सिनाको नेतृत्वले संस्थाको 'लेटरहेड' तथा छाप अनधिकृतरूपमा प्रयोग गर्दै संकटासन्न समुदायप्रति लक्षित कार्यक्रममा सहयोग नगर्न विभिन्न निकायमा पत्राचार गर्ने, बैंक खाता सञ्चालनमा अवरोध गर्न पत्राचार गर्ने, नियमनकारी र संस्थाका अधिकारीलाई अमर्यादित तवरबाट आक्षेप लगाई विज्ञप्ति जारी गर्नेजस्ता कार्य गरी आम समुदाय र रेडक्रसकर्मीमाझ भ्रम सिर्जना गर्ने प्रयास भएकामा गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'संस्थाको लेटरहेड र छापको दुरुपयोग र सामाजिक सञ्जालको अनुचित प्रयोग नगर्न नगराउन पटक-पटक जानकारी तथा अनुरोध गरिएकामा हालसम्म यस्ता अनुचित र अनधिकृत कार्य भइरहेको हुँदा त्यस्ता कार्य तत्काल बन्द गर्न पुनः आह्वान गर्दछौं। अहिलेको अवस्थामा नियमित जिम्मेवारीका साथै संस्थाको प्रत्यायोजित अधिकार प्रयोग गरी कार्य गर्न नियमनकारी निकायबाट प्राप्त निर्देशनसमेतका आधारमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयबाट गर्नुपर्ने सेवा तथा अत्यावश्यक कार्य कार्यकारी निर्देशकको नेतृत्वमा सम्पादन भइरहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउन चाहन्छौं।'

कार्यकारी निर्देशकको अधिकार क्षेत्रको सीमा साँघुरो भएकाले संस्थाका गतिविधि तथा सेवाकार्य पूर्णरूपमा सञ्चालन गर्न अझै कठिनाइ भइरहेको व्यहोरा उल्लेख गर्दै विज्ञप्तिमा कोभिड प्रतिकार्य, मनसुनका कारण हुने विपद्को पूर्वतयारी तथा अन्य अत्यावश्यक मानवीय सेवाकार्य सु-सञ्चालन गर्न विद्यमान समस्याको चाँडै निकास निस्कने कुरामा आशावादी रहेको जनाइएको छ।

विज्ञप्तिमा भनिएको छ,'संस्थालाई जीवन्त राखिरहन सात प्रदेश समिति, ७७ जिल्ला शाखा, १५ सयभन्दा बढी उपशाखा र छ हजारको हाराहारीमा रहेका जुनियर तथा युवा रेडक्रस सर्कल र ती निकायमा आवद्ध ११ लाख सदस्य र एक लाखभन्दा बढी तालिमप्राप्त स्वयंसेवकले समुदायमा पुऱ्याइरहेको सेवा प्रशंसनीय छ। यस्तो कठिन अवस्थामा यस संस्थाको अस्तित्व जोगाउन र सेवाकार्य सञ्चालनमा राख्न सहयोग पुऱ्याउनुहुने सरकारी एवं गैरसरकारी संस्था, नागरिक समाजलगायत रेडक्रसको अन्तरर्राष्ट्रिय समिति, अन्तराष्ट्रिय महासंघ र साझेदार राष्ट्रिय सोसाइटी समेतलाई धन्यवाद ज्ञापन गर्दछौं। साथै मानवीय सेवालाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गर्दछौं। अत्यावश्यक मानवीय सेवालाई सुचारु राख्न सम्बद्ध सबै पक्षबाट निरन्तर सहयोगका लागि हार्दिक अनुरोध गर्दछौं।'

## सिरहा डायरी

राजेन्द्र महतो/मध्यान्ह

# ८५४ पदका लागि ४ हजार ६९८ जनाको उम्मेद्वारी

स्थानीय तह निर्वाचनका लागि सिरहामा ८ सय ५४ पदका लागि दल र स्वतन्त्र गरी ४ हजार ६ सय ९८ जनाले उम्मेद्वारी दिएका छन्। जिल्लाको आठ नगरपालिका र नौ गाउँपालिकामा मेयर/अध्यक्ष पदका लागि २ सय ९७ जना र उपमेयर/उपाध्यक्ष पदमा एक सय ३४ जनाले उम्मेद्वारी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सिराहाले जनाएको छ।




१७ वटै पालिकाका १ सय ६४ वडाका लागि वडाध्यक्ष पदमा १ हजार ६५ जना, सदस्य पदमा एक हजार छ सय १७ जना, महिला सदस्य सात सय ९७ जना र दलित महिला सदस्य पदका लागि छ सय ७८ जनाले उम्मेद्वारी दिएको मुख्य निर्वाचन अधिकृत प्रकाश खरेलले बताए।

मुख्य निर्वाचन अधिकृत खरेलले जिल्ला भरीको सबै पदका लागि परेको उम्मेद्वारहरुको फाइलको रुजु गर्ने कार्य भइरहेको जानकारी दिए।

केही उम्मेद्वारको फाइल नमिलेकाले उम्मेद्वारको अन्तिम नामावली प्रकाशित हुँदासम्म उम्मेद्वारको संख्या बढ्न सक्ने उनको भनाइ छ।

जिल्लाको सबैभन्दा बढी मतदाता सख्या रहेको लहान नगरपालिकामा दल र स्वतन्त्र गरी मेयरमा २० जना, उपमेयरमा ६ जना, २४ वडाका लागि वडाध्यक्ष १ सय १४ जना, खुला सदस्य पदमा एक सय ८० जना, महिला सदस्य ९२ जना र दलित महिला सदस्य ८५ जना गरी ४ सय ९७ जनाले उम्मेद्वारी दर्ता गराएका छन्।

दोस्रो ठूलो मतदाता संख्या रहेको सिरहा नगरपालिकामा मेयरका लागि २४ जना, उपमेयर पदमा १० जना, वडाध्यक्ष पदमा १ सय ६१ जना, खुला सदस्य पदमा २ सय २६ जना, महिला सदस्य मा १ सय १२ जना र दलित महिला सदस्य एक सय १० गरी छ सय ३७ जनाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

मतदाताको आधारमा तेस्रो स्थानमा रहेको गोलबजार नगरपालिकामा जिल्लामै सबैभन्दा बढी उम्मेद्वारी दर्ता भएको छ। मेयर पदका लागि ३० जना, उपमेयर पदमा १७ जना, १३ वटा वडाका लागि वडाध्यक्ष पदमा ९० जना, खुला सदस्य १ सय ३६ जना, महिला सदस्य ६४ जना र दलित महिला सदस्य ६८ जना गरी ४ सय २ जनाले उम्मेद्वारी दिएका छन्।

मेयर पदमा जनता समावादी पार्टीको दोहोरो उम्मेद्वारी रहेको छ। पहिला दर्ता गराएका उम्मेद्वारको नाममात्र अनलाइन भरिएकाले दोस्रोको नाम अनलाइन दर्ता हुन नसकेको निर्वाचन अधिकृतले बताए। उनले यस विषयमा के गर्न सकिन्छ भनेर माथि सल्लाह भइरहेको र नियम अनुसार हुने बताए।

जिल्लामा चौथो ठूलो संख्यामा मतदाता रहेको धनगढीमाई नगरपालिकामा मेयरका लागि १६ जना, उपमेयरमा ८ जना, वडाध्यक्ष ७७, खुला सदस्य एक सय ३७ जना, महिला सदस्यमा ६५ जना र दलित महिला ६७ जना गरी ३ सय ७० जनाको उम्मेद्वारी दर्ता भएको छ।

# ७ किलो चाँदीका गहनासहित दुई पक्राउ

सिरहामा भन्सार छलि गरेर ल्याइएका विभिन्न चाँदीका गरगहनासहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा मोरङ रंङेली नगरपालिका-९ का २७ वर्षीय उमेश विश्वकर्मा र सोही ठाउँका ३६ वर्षीय महेश कुमार विश्वकर्मा रहेका छन्।



जिल्लाको लहान नगरपालिका-३ अस्पतालचोकस्थित सगरमाथा होटल एण्ड लजबाट भन्सार छलि ल्याएका ७ केजी ६ सय ११ ग्राम बराबरको विभिन्न चाँदी गरगहनासहित उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो। ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले सगरमाथा होटल एण्ड लज तलासी गर्दा उनीहरूको साथबाट ७ केजी ६ सय ११ ग्राम परिमाणको चाँदीका गरगहनाहरु बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद गरिएका चाँदीका गरगहनासहित दुबै जनालाई आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय इटहरी सुनसरीमा पठाइएको छ।

# स्थानीय निर्वाचन : मतपत्र ढुवानी शुरू

**काठमाडौं/मस–** निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन-२०७९ का लागि छपाइ भएका मतपत्र जिल्ला जिल्लामा पठाउन थालेको छ।




भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कार्यालयबाट लोड भई मंगलबार कर्णाली प्रदेशका १० जिल्ला र सुदूरपश्चिम प्रदेशका तीन गरी १३ जिल्लामा मतपत्र पठाइएको छ। वैशाख १४ गते काठमाडौंबाट लामो दूरीमा पर्ने पूर्व र पश्चिमका गरी नौ जिल्लामा मतपत्र पठाइनेछ। वैशाख १२ गतेसम्म एक करोड ५४ लाख ८३ हजार (८० प्रतिशत) मतपत्र छपाइको कार्य सम्पन्न भइसकेको छ। निर्वाचनका लागि एक करोड ९४ लाख मतपत्र आवश्यक पर्ने अनुमान गरिएको छ।

मंगलबार निर्वाचन सामग्री पुग्न बाँकी डोल्पाको दुनै र हुम्लाको सिमीकोटमा नेपाली सेनाको हेलिकोप्टरबाट सामग्री पठाइएको छ।

निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन-२०७९ का लागि मंगलबार निर्वाचन सुरक्षा विषयक मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ।

नेपाल सरकार, गृहमन्त्रालय, रक्षा मन्त्रालय, चारवटै सुरक्षा निकाय, आयोगका कर्मचारी र साझेदार संस्था युएनडिपी, इएसपीका प्रतिनिधि सहभागी सो प्रशिक्षण कार्यक्रमको आयोगका आयुक्त डा.जानकीकुमारी तुलाधरले शुभारम्भ गरे। आयुक्त डा.तुलाधरले शुभारम्भ कार्यक्रममा आयोगका सचिव गोकर्णमणि दुवाडीसहित उच्च अधिकारीको उपस्थिति थियो। प्रशिक्षणको दोस्रो सत्रमा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले निर्वाचनसम्बन्धी कानूनी पक्ष, आयोगका सहसचिव तुलसीबहादुर श्रेष्ठले निर्वाचन कार्यक्रम र व्यवस्थापन, आयोगका उपसचिव सूर्यप्रसाद अर्यालले मतदान र मतगणना विषयमा प्रशिक्षणमा प्रस्तुति र सहजीकरण गरेका थिए।

प्रस्तुतीकरणहरुमा स्थानीय तहको निर्वाचन कार्यक्रम, निर्वाचन कसुर तथा सजाय, आचारसंहिता, अनुगमन, पर्यवेक्षण, सामाजिक सञ्जाल अनुगमन, विवाद सुनुवाइ र निरुपण, मतपत्र छपाइ र ढुवानी, मतदान र मतगणना प्रक्रिया आदि विषय समाविष्ट गरिएको थियो।

निर्वाचनका लागि निर्वाचन आयोग, नेपाल र सामाजिक सञ्जाल भाइबरले आधिकारिकरूपमा आयोगको भाइबर ग्रुप औपचारिकरूपमा सुरु गरेको छ। आयोगले यस प्लेटफर्मको प्रयोग गरी नागरिक तथा निर्वाचन सरोकारवालालाई समयसापेक्ष, अद्यावधिक र सही सूचना उपलब्ध गराउनेछ। यस प्लेटफर्मको प्रयोग गरी निर्वाचनसम्बन्धी मतदाता शिक्षा र विभिन्न जानकारी प्राप्त गर्न सकिनेछ।

# चिकित्सा विज्ञानको पढाइलाई व्यवस्थित बनाउन पहल

**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चिकित्सा विज्ञानको पढाइ नेपालमै व्यवस्थित र स्तरीय बनाउने विषयमा छलफल चलाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले चिकित्सा शिक्षा आयोग, त्रिवि, शिक्षण अस्पताल, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत पदाधिकारीसँगको छलफलमा मेडिकल साइन्सको पढाइ नेपालमै व्यवस्थित र स्तरीय बनाउने विषयमा मंगलबार छलफल गरेका हुन्।



मेडिकल शिक्षा आर्जनका लागि बर्सेनि रु ९८ अर्ब रकम देश बाहिर गइरहेको बताउँदै नेपालमै व्यवस्थित र स्तरीय बनाउनुपर्नेमा मन्त्री पौडेलले जोड दिए। 'देशमा मेडिकल शिक्षा पढ्ने विद्यार्थीको आकर्षण बढ्दो छ', मन्त्री पौडेलले भने, 'देश बाहिर पढ्न गएका नेपालमा आएर परीक्षा दिई चिकित्सक बनिरहेका छन्। उनीहरूलाई नेपालमै पढ्ने र परीक्षा दिने व्यवस्था गरौं।'

देशमा पढ्ने व्यवस्था मिलाएर शिक्षा प्राप्तिका लागि बाहिरिने रकम नेपालमै रहनेमा उनको जोड रहेको छ। मन्त्री पौडेलले कागजमा दक्ष जनशक्ति पर्याप्त देखिए पनि फिल्डमा नभएको गुनासो गरे। 'अवसरमा प्रतिस्पर्धा गर्ने दायर बढाइ क्वालिटीको शिक्षामा ध्यान दियौं भने मात्रै उत्पादित जनशक्ति बेरोजगार बस्नुपर्दैन', मन्त्री पौडेलले भने। 'शिक्षालाई नियमन गरौंभन्दा हामी खुम्चिएका छौं', मन्त्री पौडेलले भने, 'केही ऐन र कानुनको जटिलताले गर्दा सीमितबाहेकले देशमा पढ्न पाउने अवसर गुमाइरहेका छन्।' छलफलमा मेडिकल क्षेत्रमा बजेट कम हुँदा धेरै समस्या आएको बताउँदै बजेट बढाउन मन्त्रीलाई आग्रह गरेका थिए।

# गठबन्धनले महिलामाथि अन्याय गरेको भन्दै रुष्ट




**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १३ वैशाख

बाँकेमा नेपाली कांग्रेस र जनता समाजवादी पार्टीले मेयर र उपमेयर बाँडफाँट गर्दा महिला सहभागितालाई उपेक्षा गरेका छन्।

कांग्रेसले मेयरमा प्रशान्त बिष्ट र उपमेयरमा समाजवादीले कमरुद्धिन राईलाई उम्मेद्वार बनाएको छ। यता सत्तागठबन्धनको नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीले मुख्य पदमा केही नपाएपछि वडामा भने एकल प्रतिस्पर्धा गर्दै छन्। तर कांग्रेस र जनता समाजवादी पार्टीले महिला सहभागिता नगराएपछि नेता तथा कार्यकर्ताहरु रुष्ट बनेका छन्। समाजवादीमा राई मेयरका उम्मेद्वार घोषणा भई प्रचारप्रसारमै जुटिसकेका छन्। आफुलाई भाग परेको उपमेयर नलिने घोषणा गरेका राईले केन्द्रीय निर्णय मान्ने भन्दै उपमेयरमै चित्त बुझाए।

उनले उपमेयरमै चित्त बुझाएपछि समाजवादीकी उपमेयरको सम्भावित उम्मेद्वार रमारानी बैश्यले पार्टी छाडेकी छन्। उनी रुष्ट भएपछि राप्रपा नेपालमा प्रवेश गरेकी हुन्। गठबन्धनका नाममा महिलाहरुमाथि गठबन्धनले अन्याय गरेको भन्दै माओवादीकै उम्मेद्वार महिला नेताहरु समेत रुष्ट छन्।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/१४**

**रेनहार्ट ईङलिस मिडियम स्कुल प्रा.लि.** को मिति २०७९/०१/१० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ओमकार विद्याश्रम (प्रा. लि. नं.: ६९४०२)**, कायम गर्ने गरी मिति २०७९/०१/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## Cyprus मा बैदेशिक रोजगारको अवसर

१.कम्पनीः–C & C Private Employment Agency, Venizelou, Cyprus पूनःविज्ञापन

पूर्व स्वीकृती मिति २०७७।१२।०३ चलानी नं. ६०१५५६६८ LT.No. 237388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Chef A | 03 | - | कामको दक्ष | 850 | १११,२९२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | छ | छ | २ वर्ष |
| 2. | Cook Chef B | 02 | - | | 775 | १०१,४७२।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ४०,०००।- |

अन्तर्वार्ता २०७९ बैशाख २१ गते (4 May 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने संभावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु होला।

APPS SERVICES PVT LTD H.R. Expert

**APPS SERVICES PVT. LTD.**

श्रम इजाजत नं. ११७२/०७३/७४

बालकुमारी-८, ललितपुर, फोन नं. ५१८६०१८ फ्याक्सः- ५१८६०३०, Email: infoapps1172@gmail.com

कर्मचारी आवश्यकता

यसै मेनपावर कम्पनीको लागि तल उल्लेखित पदहरुको आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा इमेल गर्नुहोला अथवा सिधै अफिसमा सम्पर्क गर्नुहोला।

**(1) Receptionist- 2 (F), (2) Documentation- 2 (F)**

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.

Short Courses
- Interview Tips
- English Language
- Service Staff Training
- Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY




तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL

**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**

www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com

Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
१४ वैशाख २०७९, बुधबार
27 April 2022, Wednesday

## सम्पादकीय

### युवा मतदाता, पुरानै नेतृत्व !

पाँच वर्षपछि आगामी ३० वैशाखमा हुन लागेको स्थानीय चुनावमा झण्डै ३६ लाख मतदाताले पहिलोपटक मतदान गर्दैछन् । सानो संख्या बाहेक थपिएका मतदाता युवा हुन् । किनकि उमेर पुगेर पनि मतदाता नामावली पहिलोपटक अद्यावधिक गर्ने संख्या धेरै हुँदैनन् । यसको अर्थ हो, २४ वर्ष मुनिका मतदाता यसपटक ३६ लाख हाराहारी छन् । गएको चुनावमा १८ वर्ष नपुगेका मतदाताको उमेर अहिले २४ नाघेको हुँदैन । अघिल्लो पटक पनि यसपटक जतिकै संख्यामा युवा मतदाता थपिएका थिए । जनसंख्याको ठूलो संख्यामा पनि युवा ठूलो संख्यामा छन् । त्यसैले यो चुनावमा युवा मतदाताका आँखाले हेर्नु न्यायोचित नै हुनेछ ।


तर उम्मेद्वारी हेर्दा भने मतदाताको अनुपातमा युवा प्रतिनिधित्व बलियो हुन सकेन । मुलुकका प्रमुख शहर काठमाडौं, पोखरा, ललितपुर, भरतपुर, वीरगञ्ज र विराटनगरमा परेको उम्मेद्वारी हेर्दा युवा सहभागिता बलियो देखिन्न । सोमबार सकिएको मनोनयनमा ६ महानगरमा १८० जनाको उम्मेद्वारी परेको छ । त्यसमा ४० वर्ष मुनिका उम्मेद्वार ५८ जना मात्रै छन् । त्यो पनि स्वतन्त्र र साना दलका सहित जोडेर हो । ठूला दलले ४० भन्दा माथिका उमेर समूहका नेतालाई उम्मेद्वार बनाएको छ । ४० देखि ६० वर्ष समूहका ७६र ६० वर्ष भन्दा माथिका ३२ उम्मेद्वार छन् । युवाको उम्मेद्वारी नै कम परेपछि जित्ने सम्भावना पनि कम नै हुन्छ ।

हुन त मुलुकको नेतृत्व नै बृद्ध नेताको हातमा छ । सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उमेरले ७६ वर्ष माथि भए । पाँचौ पटक प्रधानमन्त्री चलाइरहेका देउवाले नेतृत्व गरेको गठबन्धनका नेताहरू पनि ६० वर्ष माथिका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल ७० वर्ष नजिक छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ७० वर्ष पार गरिसकेका छन् । यी नेताहरूले विश्वास गरेका नेता पनि बृद्ध नै हुने भए, जसले जनप्रतिनिधि बन्न उम्मेद्वारी दिएका छन् । अर्थात् नयाँ संविधानका आधारमा चलिरहेको मुलुकमा मतदाता पनि युवा छन्, तर नेतृत्व भने बृद्ध छन् । बृद्ध नेतृत्वको छनोट पनि बृद्ध नै हुँदा मतदाताको प्रतिविम्व उम्मेद्वारीमा देखिन सकेको छैन ।

# चुनावको उपयोग वा बहिष्कार ?

*संसदीय व्यवस्थाअन्तर्गत हुने चुनावलाई कम्युनिस्टहरूले सामान्यतयाः कार्यनीतिक विषयको रूपमा लिने गर्दछन् । पार्टी र क्रान्तिको हितमा उपयोग वा बहिष्कार जे गर्दा हुन्छ त्यही गर्नुपर्छ भन्ने नीति कम्युनिष्टमा हुन्छ ।*

**अग्रलेख**



● नारायण शर्मा

संसदीय व्यवस्थाअन्तर्गत हुने चुनावलाई कम्युनिस्टहरूले सामान्यतयाः कार्यनीतिक विषयको रूपमा लिने गर्दछन् । पार्टी र क्रान्तिको हितमा उपयोग वा बहिष्कार जे गर्दा हुन्छ त्यही गर्नुपर्छ भन्ने बुझाई कम्युनिष्टको हुन्छ । कुनै एउटा चुनावमा एकपटक भाग लिएपछि अर्को पटकमा बहिष्कार गर्न सकिने र कुनै अर्को चुनावमा एकपटक बहिष्कार गरेपनि अर्को पटकमा भाग लिन सकिनेलाई अर्थात् तत्काल बदल्न सकिने नीतिलाई (कार्यनीति) भनिदै आइएको छ । लेनिनले त कार्यनीतिलाई २४ घण्टामै बदल्न सकिने नीतिको रूपमा व्याख्या गर्नुभएको जग जाहेरै छ ।

कुनै यथास्थितिवादी व्यवस्थाअन्तर्गतको स्थानीय वा केन्द्रीय चुनावमा भाग लिएर देश, जनता, पार्टी र क्रान्तिको लागि उपयोग गर्न सकिने स्थिति छ वा बहिष्कार गरेर जनताको पक्षमा काम गर्न सकिन्छ ? त्यस्तो अवस्थामा सही निर्णय लिनुपर्छ । यो निर्णय गर्ने कुरा अलि जटिल, कठिन र गम्भीर पनि हुन्छ । यही कुरालाई सही ढंगले खुट्टाउन नसक्दा कम्युनिस्टहरू गम्भीर संकटमा फस्दछन् । परिस्थितिको ठोस आकंलन आफैमा गाह्रो त हो नै तर, त्यसलाई बढी जटिल, गम्भीर र गलत बनाउने काम हाम्रा गलत सोंच, स्वार्थ, शैली, संस्कार र संस्कृति आदिबाट हुन्छ । त्यसैले हामीले नितान्तः स्वच्छ, निष्पक्ष, निस्वार्थ र आग्रह-पूर्वाग्रहमुक्त भएर सोंच्नुपर्छ भने वस्तुवादी, द्वन्द्ववादी र वैज्ञानिक विश्लेषण गरेर निष्कर्ष निकाल्न सक्नुपर्छ । चुनाव उपयोग वा बहिष्कारबारे निर्णय गर्न सकेमा त्यो निर्णय वा नीति क्रान्ति, पार्टी, देश र जनतालाई हित गर्ने सही क्रान्तिकारी कार्यनीति हुन्छ । अन्यथा त्यो निश्चित नेता, तिनका परिवार र गुटलाई हुने क्षुद्र फाइदा बाहेक अरू केही हुँदैन । यसले क्रान्तिकारीताको नाममा सदा बहिष्कार गर्ने उग्रवामपन्थी गल्ती हुन पुग्छ कि भने सधैँ उपयोगका नाममा चुनावलाई प्रयोग गरेर संकीर्ण स्वार्थ पूरा गर्नेमा भुल्ने जस्तो संसदवादी दलदलमा भासिन पुगिन्छ ।



स्मरणीय छ कि विश्व कम्युनिस्ट आन्दोलनमा चुनावमा भाग लिएर पनि क्रान्ति गरेको र सफल भएको पार्टी लेनिनको नेतृत्वको बोल्सेभिक पार्टी मात्र हो भने नेपालमा चुनाव उपयोग गरेर पनि संसद र स्थानीय सरकारहरू छोडेर जनयुद्धमा गएको तत्कालीन पार्टी नेकपा (माओवादी) हो । अन्य प्रायः पार्टीहरूमा उपयोगका नाममा सधैँ भाग लिने प्रवृत्ति देखिएको छ । यस्तो हुनु भनेको दक्षिणपन्थी संसदवादी हुनु र संसदीय भासमा उम्कनै नसक्ने गरी फस्नु त हुँदै हो, सँगसँगै भनाइ र गराइमा विपरितता पनि हो । यस्तो हुनुका पछाडी नेतृत्वको स्वार्थी र सुविधाभोगी नियतले काम गरेको हुन्छ । निश्चित निकाय, नेतृत्व र नेताको नियतको निक्र्यौल निर्धारित नीति, नियम, निर्णय, निर्देशन, निगरानी र निगाहबाट भन्दा नियति/परिणतिबाट बढी व्यक्त हुन्छ । त्यसैले पार्टी वा नेतृत्वले के भन्छ वा भनिरहेको छ भन्नुभन्दा पनि के गर्छ वा गरिरहेको छ भन्ने मुख्य कुरा हो । तसर्थ, भनाइबाट भन्दा पनि गराइबाट कुनै पार्टी वा नेताका बारेमा सही धारणा बनाउनु पर्दछ । यसरी धारणा बनाउँदा हाम्रो देशमा आफूलाई मालेमावादी कम्युनिस्ट भन्नेसम्मले पनि लामो समयदेखि नै चुनावलाई रणनीतिको रूपमा प्रयोग गर्दै गैरहेका छन् । यसक्रममा एमाले र माके त पूर्णरूपले संसदवादी धारमा बिलिन भैसकेका छन् भने मसाल, नेमकिपा पनि त्यही बाटो पच्छ्याउँदै जाँदा संसदीय भासबाट उम्कनै नसक्ने अवस्थामा पुगेका छन् । अब त उनीहरू उम्कन पनि चाहँदैनन् जस्तो छ भने उम्कन चाहे पनि सक्ने अवस्थामा छैनन् । हो, यही उम्कन नसक्ने अवस्थालाई संसदवादी भास भनिन्छ, जो चुनावलाई कार्यनीति भन्ने तर, रणनीतिको रूपमा सधैँ भाग लिइरहने प्रवृतिको रूपमा देखा परेको छ ।

चुनाव उपयोग गरेर पनि क्रान्तिमा अर्थात् युद्धमा गएको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको पार्टी पनि अहिले संसदवादी पार्टी बन्ने अवस्थामा पुगेबाट के कुरा बुझ्नुपर्छ भने संसदवादी चुनावको रणनीतिक अभ्यास भनेको सत्ता स्वार्थको मोहपास हो र संसदवादी भास नै हो । जसमा एकपटक छिरिसकेपछि फर्केर आएर क्रान्ति वा युद्धमा गएपनि क्रान्तिलाई निर्णायक विजयसम्म नपुराई पुनः घुमीफिरी त्यही संसदवादी खेलमा नै आउँछन् । यही नै संसवादी मोहपास वा भास हो, जुन पासो वा भासबाट पूर्णरूपले मुक्त हुन सकेको त सम्भवतः विश्व कम्युनिष्ट आन्दोलनमा लेनिनको बोल्सेभिक पार्टीभन्दा अर्को पार्टी छैन ।

> *विश्व कम्युनिस्ट आन्दोलनमा चुनावमा भाग लिएर पनि क्रान्ति गरेको र सफल भएको पार्टी लेनिनको नेतृत्वको बोल्सेभिक पार्टी मात्र हो भने नेपालमा चुनाव उपयोग गरेर पनि संसद र स्थानीय सरकारहरू छोडेर जनयुद्धमा गएको तत्कालीन पार्टी नेकपा (माओवादी) हो । अन्य प्रायः पार्टीहरूमा उपयोगका नाममा सधैँ भाग लिने प्रवृत्ति देखिएको छ ।*

नेपालकै केही पार्टीहरू, जस्ले विगतमा राजनीतिक निकासको निम्ति वा सुधार र विकासका निम्ति जनसम्बन्ध बढाउने लोकतान्त्रिक अभ्यास भन्दै चुनावमा भाग लिएका थिए, तिनले अहिले गर्ने बहिष्कारको कुरा छ, त्यसको भने परीक्षण हुन बाँकी नै छ । तैपनि लाग्छ, क्रान्तिको कुनै ठोस तयारी नगरेको यो अवस्थामा गरिने बहिष्कारको कुनै खास प्रभाव र परिणाम वा अर्थ र औचित्य हुने देखिँदैन । यसले गर्दा बहिष्कार भन्दा उपयोग नै परिणामदायी र अर्थपूर्ण हुने अर्थ लाग्नेछ । र, भविष्यमा यसले आगामी चुनाव उपयोग गर्नलाई आधार तयार पार्नेछ । अनि गरिने चुनाव उपयोग भनेको पनि घुमाएर नाक छुनु वा प्रचण्डले गरेजस्तो गर्नु नै हुन जान्छ । यो कुरा विगतमा बहिष्कार गरेको अर्को क्रान्तिकारी भनिएको शक्तिले अहिले सोझो औंलाले घिउ नझिकिएपछि बाङ्गो औंलो गराएर भाग लिँदै गरेको अर्थात् पार्टीमा चुनावमा भाग लिने संकीर्ण स्वार्थ पूरा गर्ने नीति पास नभएपछि पार्टीबाट राजीनामा दिई स्वतन्त्र भएर वा अर्को कुनै स्वतन्त्र मान्छेलाई सिँगारेर पनि चुनावमा भाग लिई छाड्ने गरेबाट पनि देखिन्छ ।

जे होस्, अन्ततः र परिणामतः यो मति, गति, नीति र स्थिति पनि एकातिर संसदवादको अभ्यासको मोहपास वा भासमा फस्नु नै हो भने अर्कातिर संसदवादी चुनावलाई अप्रत्यक्ष रूपमा रणनीति स्वीकारेको संकेत हो । तसर्थ, हालको संसदीय व्यवस्थामा एउटा इमान्दार क्रान्तिकारी पार्टीले भाग लिनु भनेको या त पार्टी र आन्दोलनलाई नै भ्रष्टीकरण र दलालीकरण गर्नु हुन जान्छ या त सर्मनाक पराजित भएर जनताबाट विकर्षित हुने अवस्था हुन जान्छ । यो कुरा हामीले हाम्रै देशका कतिपय क्रान्तिकारी भनिएका पार्टीहरूका सन्दर्भमा देख्दै आएका छौं । त्यसैले आजको दलालीकरण र भ्रष्टीकरणले ग्रस्त समाज-व्यवस्थामा संसदवादी चुनावलाई क्रान्तिकारीहरूले उपयोग गर्ने सम्भावना टरेको छ । यसलाई उपयोग गर्न सकिनेभन्दा पनि उल्टै चुनावले क्रान्तिकारीहरूलाई उपयोग गरेर सिद्धाइदिने गरेको स्थिति छ । यसरी के स्पष्ट भएको छ भने चुनावको प्रश्न विगतमा सिद्धान्ततः कार्यनीतिको प्रश्न भएपनि वर्तमानमा व्यवहारतः यो रणनीतिक प्रश्न बनेको छ ।

पुँजीवादी व्यवस्थामा हुने चुनावलाई हेर्ने प्रश्न सर्वहारा वर्गले महँगो चुनाव प्रणालीमा आफ्नो कमजोर आर्थिक अवस्थाका कारणले उपयोग गर्न नसकिएर बहिष्कार गर्नै पर्ने दृष्टिले मात्र रणनीतिक प्रश्न भएको होइन कि यसलाई उपयोग गर्दा यसकै चक्रब्युहमा फसेर फर्कनै नसकिने गरी त्यहीँ हराइने र सधैँ भाग लिइरहने गरेर पनि रणनीतिक प्रश्न बनेको बनाइएको छ । सच्चा कम्युनिस्ट पार्टी र आन्दोलनका विचार, सिद्धान्त, मूल्य-मान्यता, आचार, संस्कार र उद्देश्य आदि सबै ध्वस्त पारेर नाममा कम्युनिस्ट भए पनि काममा कमाउनिष्ट पार्टीको रूपमा बदनाम हुने गरी संसदीय व्यवस्थालाई आत्मसात गरेर वा यसको कथित भण्डाफोर गर्ने नाममा क्रान्तिकारी उपयोग गर्ने भन्दै सधैं भाग लिइरहनु वा कहिले बहिष्कार त कहिले उपयोग भन्दै सारमा त्यसैको सेरोफेरोमा रमाउनुले पनि सार र परिणाम दुवै दृष्टिबाट चुनाव रणनीति नै बनाएको प्रमाणित हुन्छ ।

यो व्यवस्थालाई आत्मसात गरेर चुनावलाई रणनीति बनाउने शक्तिहरू आज नेपालमा एमाले/एस र माकेजस्ता शक्तिहरू हुन् भने यो व्यवस्थालाई भण्डाफोर गर्दै यसको विकल्प खोज्ने भनेर संसदवादी चुनावमा भाग लिने अभ्यासमा लागेको आफूलाई क्रान्तिकारी बताउने मसाल (एम बी समूह), नेकपा (विप्लव समूह) लगायतका केही शक्तिहरू पनि छन् । कतिपयले वैकल्पिक व्यवस्था र विधिको बाटोलाई बिर्सिएर यही संसदीय व्यवस्था, विधि, बाटो र व्यक्तिहरूलाई समेत संरक्षण र सम्बर्द्धन गर्नतिर लागेका शक्ति हुन् भन्ने पुष्टि हुँदैछ । त्यसैले स्पष्ट भन्न सकिन्छ कि संसदवादी चुनावको अभ्यास : राजनीतिक निकास र विकासको लागि गरिने लोकतान्त्रिक अभ्यास कदापि होइन र हुनै सक्दैन ।

*(लेखक पूर्वमाओवादी नेता हुन् ।)*

## सामाजिक सञ्जाल



**- अन्नकला बराम**

मोनो, मेट्रो सुलसुले के-के रेल ल्याउँछु, उत्कृष्ट सहर बनाउँछु भन्दै फोहोरको डंगुरमा राख्ने, झूटा आश्वासन प्रलोभन दिने, दशौं सताब्दी त्यही पार्टी त्यही आश्वासन यो गर्छु त्यो गर्छु भन्दै पार्टीको झण्डा ओढ्ने मेयरभन्दा न्यापर नै सही ! भोट आउन्न र पनि ।



**- सुर्यराज आचार्य**

नोकरशाहले पद/शक्तिका आधारमा मान-सम्मान 'कमाण्ड' गर्छ । प्राज्ञले भने लोकहितोन्मूख आफ्नो विद्वता/व्यक्तित्वले सम्मान आर्जन गर्छ । नेताले पनि व्यक्तित्व, इमान र परिणामका आधारमा सम्मान कमाउन पर्ने हो । तर हामीकहाँ सत्ता/शक्तिको आधारमा नेताले सम्मान 'कमाण्ड' गर्ने नोकरशाही शैली हाबि छ ।



**- किशोर नेपाल**

देशमा रमिता जारी छ । एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओली एकातिर देशका भुरे-टाकुरे पार्टीसँग गठबन्धनको नेतृत्वमा छन् । उनी अहिले कांग्रेस नेतृत्वमा बनेको गठबन्धनको श्राद्ध गर्दैछन् । कांग्रेस र एमाले पनि लोकतन्त्रको खिल्ली उडाउन कम लागेका छन । जनता रमिता हेर्दैछ ।



**- नवराज पन्त**

अब जनताले स्थानीय तहमा उठ्ने उम्मेद्वारको त्यो वडा/नगरमा घर छ कि छैन, त्यहाँको बासिन्दा हो कि होइन परिक्षण गर्नुपर्छ ? जतिसुकै सक्षम व्यक्ति भएता पनि यदि उ त्यहाँको बासिन्दा होइन भने उसले जनताको समस्या समाधान गर्न सक्दैन । त्यसैले त्यस्ता व्यक्तिलाई जनताले तिरस्कार गर्नुपर्छ ।



**- शान्ताराज सुवेदी**

स्थानीय तहमा प्रमुख/अध्यक्षदेखि वडा सदस्यसम्मको लागि खुलेको पाँच वर्ष अवधिको ३५ हजार २२१ रिक्त पदको जागिरमा १ लाख ३७ हजारभन्दा बढी दरखास्त परेछन् । आफ्नो भाग्य विधाता छान्ने यसपालीको जाँचमा जनताले योग्य, दक्ष, क्षमतावान र जनउत्तरदायी उम्मेदवार छान्ने छन् भन्ने अपेक्षा ठुल्दाइको छ !

# चुनावबाट देश बनाउने नेता रोजौँ

*जग बलियो भयो भने घर बलियो हुन्छ । जग भनेको गाउँ, टोल, नगर हो । अब स्थानीय चुनावमा राम्रो जनप्रतिनिधिलाई सहयोग गर्दा गाउँ, टोल, नगर हुँदै देश बनाउन सकिन्छ । नागरिकले समयमै विचार पुऱ्याउन आवश्यक छ । नागरिकले मतदानको अधिकारमार्फत व्यवस्थालाई परिवर्तन गर्ने पहल लिनुपर्छ । यो नै सबैभन्दा उत्तम विकल्प हो ।*


**विचार**



● रोशनी बुढा

कुनै पनि देशको विकास हुन त्यस देशको राजनीति नेतृत्व ठिक हुनु पर्दछ । राजनैतिक नेतृत्व ठिक भए पछि सबै देशका संरचना ठिक हुन्छ । अझ अहिले २१ औं शताब्दी पुँजीवाद र पुँजीको शताब्दी हो । पुँजी विकास गर्न राष्ट्रिय उद्योग विकास हुन जरूरी छ । राष्ट्रिय उद्योग विकास भयो भने कुनै वस्तुहरू आयात गर्नुपर्ने अवस्था हुँदैन । ०४६ साल यता आफ्नो देशको राष्ट्रिय उद्योग हेटौँडा कपडा उद्योग, बाँसबारी छाला उद्योग, हिमाल सिमेन्ट उद्योग, वीरगञ्ज चिनी उद्योगलगायत हिजो बनाएको उद्योगलाई राजनैतिक परिवर्तनको नाममा उद्योग धन्दा बहुराष्ट्रिय कम्पनी दिँदाको परिणाम आज छाताको टुप्पीदेखि जुत्ताको पिनसम्म विदेशबाट आयात गर्ने काम भएको छ । "नेपालको धन हरियो वन" विदेशबाट झ्याल, ढोका, फर्निचर, सोफा आदि आयात गरिरहेका छौँ । कृषि प्रधान देश, तरकारी र मल भारत, चीन, बंगलादेशबाट ल्याउँछौं । साधारण लगाउने कपडा, मेकअप आदि सबै वस्तु विदेशबाट ल्याउने, यस्तो हिमाल, पहाड र तराई मिलेको देश कृषि जन्य पदार्थ पनि विदेशबाट ल्याउने अनि देश कसरी आत्मनिर्भर हुन्छ ? देशको सबैभन्दा ठूलो शक्ति मेनपावर विदेशमा कुल्ली, कवाडी, मजदुर सस्तो मूल्यमा मेनपावर बेच्ने आदि थुप्रै कारणले गर्दा देश उद्योग गतिमा गई रहेको वर्तमान अवस्थालाई नियाल्नु जरूरी छ ।

